# गाई भैंसी पालनको लागि असल व्यवस्थापन अभ्यास (Good Management Practice) सम्बन्धी मापदण्ड, २०७९

स्वीकृत मितिः २०७९/१०/२४

प्रस्तावना : गाई भैंसी पालन व्यवसायलाई व्यवस्थित गरी गुणस्तरीय दूध उत्पादनमा टेवा पुऱ्याउनको लागि मन्त्रालयले गाई भैंसी पालनको लागि असल व्यवस्थापन अभ्यास (Good Management Practice) सम्बन्धी मापदण्ड, २०७९ जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस मापदण्डको नाम "गाई भैंसी पालनको लागि असल व्यवस्थापन अभ्यास **(Good Management Practice)** सम्बन्धी मापदण्ड, २०७९ " हुनेछ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) **" अनुगमन तथा मूल्याङ्कन समिति"** भन्नाले दफा २१ बमोजिमको समिति सम्झनु पर्छ ।

(ख) **"कामदार"** भन्नाले कृषक परिवारका सदस्य लगायत स्थायी, अस्थायी, दैनिक ज्यालादारी वा ठेक्कामा खेतबारी तथा पशु फार्ममा काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) **"पशुपालन"** भन्नाले गाई भैंसी पालन कार्य सम्झनु पर्छ ।

(ङ) **"पशु फार्म"** भन्नाले कुनै निजी व्यक्ति/उद्यमी/कृषक समूह/कृषि सहकारी वा कम्पनीले व्यवसायिक रुपमा सञ्चालन गरेको गाईभैंसी फार्म सम्झनुपर्छ।

(च) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(छ) **"मन्त्रालय "** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"मापदण्ड"** भन्नाले गाई भैंसी पालनको लागि असल व्यवस्थापन अभ्यास (Good Management Practice) सम्बन्धी मापदण्ड, २०७९ सम्झनु पर्छ ।

(झ) **"विज्ञ केन्द्र"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ञ) **"स्थानीय तह"** भन्नाले सम्बन्धित गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ ।

३. उद्देश्य : यस मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछः-

**क.** गाईभैंसी पालन कार्यमा असल अभ्यास प्रवर्द्धन गर्ने,

**ख.** दूध उत्पादन, ढुवानी, भण्डारण तथा वितरण कार्यमा गुणस्तर कायम गर्ने,

**ग.** पशु कल्याण प्रवर्द्धनमा टेवा पुऱ्याउने।

## परिच्छेद-२
## कार्यान्वयन विधि

४. **निवेदन दिनुपर्ने:** (१) यो मापदण्ड लागू गर्न चाहने कृषक, कृषक समूह, कृषि सहकारी, निजी फर्म वा कम्पनीले अनुसूची-१ को ढाँचामा अनुसूचि-२ बमोजिमका कागजात संलग्न राखी सम्बन्धित विज्ञ केन्द्रमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर दफा २१ बमोजिमको समितिले अनुगमन तथा मूल्याङ्कन गरी तोकिएको मापदण्ड पूरा गर्न सफल कृषक, कृषक समूह, कृषि सहकारी, निजी फर्म वा कम्पनीलाई गाई भैंसी पालनको लागि असल व्यवस्थापन अभ्यास सम्बन्धी लोगो र प्रमाण-पत्र प्रदान गर्न निर्देशनालयलाई सिफारिस गर्नेछ।

(३) निर्देशनालयले उपदफा (२) बमोजिम सिफारिस भई आएका निवेदकलाई मनासिव ठानेमा गाई भैंसी पालनको लागि असल व्यवस्थापन अभ्यास (Good Management Practice) सम्बन्धी लोगो र प्रमाण-पत्र प्रदान गर्नेछ ।

५. **बीमा गर्नु पर्ने:** पशुपालक कृषक/निजी फार्म/कृषक समूह/कृषि सहकारी/कम्पनीले आफ्नो पशुहरुको अनिवार्य रुपमा बीमा गरेको हुनु पर्नेछ।

६. **सङ्केत पट्टाको व्यवस्था हुनु पर्ने :** पशु फार्ममा रहेका हरेक पशुहरुलाई पशु पहिचान चिन्ह लगाउनु पर्छ । पशुको बीमाको लागि प्रयोग भएको सङ्केत (Ear tag) लाई पनि सङ्केत पट्टा मान्न सकिनेछ।

## परिच्छेद-३
## पशु फार्ममा पालन गर्नु पर्ने शर्तहरु

७. **गोठको व्यवस्थापन :** पशुपालनका लागि योग्य सुधारिएको गोठ हुनु पर्नेछ ।गोबर र पिसाबको छुट्टा छुट्टै व्यवस्थापन र सरसफाईको लागि उचित व्यवस्था मिलाएको हुनु पर्नेछ। दुध दुहुनको लागि मल खाल्टो गोठबाट कम्तीमा १० मिटर टाढा बनाएको हुनु पर्नेछ ।दूध दुहुनको लागि उचित व्यवस्था मिलाउनु पर्नेछ। सम्भव भएसम्म काउमेटको बेडिङ्ग र मिल्किङ मेशिनको प्रयोग गर्नु पर्नेछ ।

८. **सफा पिउने पानीको व्यवस्थापन:** फार्ममा प्रयाप्त मात्रामा पानी उपलब्ध हुने व्यवस्था मिलाउनु पर्नेछ ।समय समयमा पानीको गुणस्तर जाँच गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

९. **आहारा व्यवस्थापन:** आहारा व्यवस्थापनको लागि हरियो घाँस, सुख्खा घाँस, कोशे र अकोशे घाँस तथा दानाको मेनु (Menu) तयार गरी सन्तुलित आहारा खुवाउने व्यवस्था मिलाउनु पर्नेछ ।

१०. **फार्ममा जैविक सुरक्षा व्यवस्थापन:** पशु फर्ममा बाहिरबाट रोग भित्र आउन नदिन तथा भित्रको रोग बाहिर जान नदिनको लागि जैविक सुरक्षाका विधिहरु अपनाउनु पर्नेछ ।बाहिरबाट फार्म भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई नि:संक्रमण गरी मात्र प्रवेश गराउने व्यवस्था मिलाउनु पर्नेछ।फार्ममा

बारबन्देजको उचित व्यवस्था गर्नु पर्नेछ ।फार्ममा प्रवेश गर्ने द्वार र निस्काशन द्वार छुट्टा छट्टै हुने गरी व्यवस्था मिलाउनु पर्नेछ । रोगी पशुलाई बथानबाट अलग राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

११. **<u>आधारभूत पशु कल्याण :</u>** पशु फार्मले अनुसूची-३ मा उल्लेख भएका पशु कल्याणका आधारभूत पक्षहरुको पालना गरेको हुनु पर्नेछ ।

१२. **<u>पशु पोषण अवस्थाको मूल्याङ्कनः</u>** अनुसूची-४ मा व्यवस्था भए अनुसार पशुहरुको शारीरिक अवस्थालाई १ देखि ५ को स्कोरमा विभाजन गरी पशु पोषण अवस्थाको मूल्याङ्कन गर्न सकिनेछ ।

१३. **<u>फार्म व्यवस्थापन सञ्चालन विधि (FMOP) लागू गर्नु पर्नेः</u>** पशु फार्मले देहायानुसार विषयहरु समेटी फार्म व्यवस्थापन सञ्चालन विधि (FMOP) तयार गरी अनिवार्य रुपमा लागू गर्नु पर्नेछ।

(क) पशु फार्म सरसफाईको तरिका,

(ख) कामदारको व्यक्तिगत सरसफाई,

(ग) दूध दुहुन प्रयोग हुने भाडाको किसिम र सरसफाई,

(घ) दूधको CMT (California Mastitis test) विधिबाट नियमित थुनेलो परीक्षण,

(ङ) एन्टिवायोटिक औषधिको प्रयोग पश्चात तोकिएको अवधिसम्म दूध विक्री वितरण नगर्ने,

(च) विरामी पशुहरुलाई छुट्टै राखी आवश्यक उपचार गर्ने व्यवस्था,

(छ) दानाको गुणस्तर समय समयमा परीक्षण गरी रिपोर्ट राख्ने,

(ज) कामदारको समय तालिका तथा पशु आहाराको Menu बनाई सबैले देख्ने ठाउँमा राख्ने,

(झ) पशुहरुलाई तालिका अनुसार नियमित रुपमा खोप तथा समय समयमा गोबर परीक्षण गरी परजीवि नियन्त्रणको व्यवस्था मिलाउने,

(ञ) अभिलेखीकरण (पशु पहिचान सम्बन्धी अभिलेख, पशु प्रजनन् अभिलेख, दानाको रजिष्टर, उपचार र औषधीको अभिलेख, दैनिक उत्पादन अभिलेख, खरिद अभिलेख, वित्तीय अभिलेख, फार्ममा प्रवेश गरेका व्यक्तिहरुको अभिलेख, प्रयोगशाला परीक्षणका अभिलेखहरु, आदि)।

१४. **<u>पशु स्वास्थ्य व्यवस्थापनः</u>** फार्ममा पालिएका पशुहरुलाई फार्ममा तयार गरी राखिएको तालिका बमोजिम खोरेत, भ्यागुते र चरचरे रोग विरुद्ध खोपहरु लगाउने र प्रत्येक ३ महिनामा गोबर परीक्षण गराई परजीवी देखा परेमा परजीवी विरुद्धको औषधि प्रयोग गर्नु पर्नेछ ।दूध दुहेपछि टिट डिपिङ्ग गर्ने व्यवस्था मिलाउनु पर्ने छ । हरेक महिना कम्तिमा पनि थुनेलो परीक्षण (Mastitis Test) को व्यवस्था गर्नु पर्नेछ । रोग सर्भिलेन्स र नियन्त्रणको उचित व्यवस्था मिलाउनु पर्नेछ ।

१५. **<u>पशु स्वास्थ्य प्राविधिक राख्नुपर्नेः</u>** ३० वटा भन्दा बढी पशुपालन गरेको पशु फार्ममा अनिवार्य रुपमा कम्तीमा एक जना पशु स्वास्थ्य प्राविधिकको व्यवस्था मिलाउनु पर्नेछ ।

१६. **<u>फार्मको वातावरण व्यवस्थापनः</u>** पशुपालन अभ्यास वातावरणीय दृष्टिकोणले दीगो र विद्यमान जैविक विविधताहरुलाई संरक्षण गर्ने हिसाबबाट गर्नु पर्दछ । फार्मबाट उत्पन्न हुने फोहोरमैला प्रदूषण नहुने गरी सुरक्षित तरिकाले तह लगाउनु पर्नेछ । वातावरणीय जोखिम भएको ठाउँमा पशुपालन गर्नु हुँदैन।

१७. <u>फोहरमैला व्यवस्थापनः</u> फार्ममा फोहरमैला व्यवस्थापनको लागि उचित ढल निकासको व्यवस्था मिलाउनु पर्नेछ ।मरेका पशुहरुलाई सुरक्षित साथ गहिरो खाडलमा गाडेर माथि चुना छर्कनु पर्नेछ ।

## परिच्छेद-४

## <u>स्वच्छ दूध उत्पादन, भण्डारण तथा ढुवानी सम्बन्धी शर्तहरु</u>

१८. <u>सफा दूध उत्पादनः</u> (१) सफा दूध उत्पादन गर्नको लागि देहाय बमोजिमका विधिहरु अवलम्बन गरेको हुनु पर्नेछ :

(क) सजिलै सफा गर्न सकिने गरी गोठ निर्माण गर्नु पर्नेछ ।

(ख) दुहुना पशुको शरीरको सरसफाई को लागि ब्रसिङ्ग र बाथिङ्गको व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) दूध दिने पशुको स्वास्थ्य परीक्षण नियमित गरिरहनु पर्नेछ र विरामी पशुको दूध उपभोग तथा बिक्री वितरणको लागि प्रयोग गर्नु हुँदैन ।

(घ) दूध दुहुने मानिसले आफ्नो स्वास्थ्य तथा सरसफाईप्रति विशेष ध्यान दिनु पर्नेछ । विरामी मानिसलाई दूध दुहुने काममा लगाउनु हुँदैन ।

(ङ) भाँडाकुँडाको सरसफाई राम्ररी गरेको हुनु पर्नेछ ।

१९. <u>दूध सङ्कलन :</u> दूध सङ्कलनको लागि स्टेनलेस स्टिलको सफा भाँडो प्रयोग गर्नु पर्दछ।

२०. <u>दूध ढुवानी र भण्डारण :</u> (१) स्टेनलेस स्टिलको सफा भाँडोमा ढुवानी गर्नु पर्नेछ। दूध दुहिसके पछि तुरुन्त वा २ घण्टा भित्र सङ्कलन केन्द्र वा उपभोक्ता कहाँ पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ।

(२) दैनिक ३०० लिटर वा सो भन्दा बढी दूध उत्पादन हुने पशु फार्मले कम्तीमा ५०० लिटर क्षमताको चिलिङ्ग भ्याट जडान गर्नु पर्नेछ।

## परिच्छेद ४

## <u>सांगठनिक संरचना</u>

२१. <u>अनुगमन तथा मूल्याङ्कन समिति :</u> (१) गाईभैंसी पालनको लागि असल व्यवस्थापन अभ्यासका विधिहरु अवलम्बन गरे नगरेको अनुगमन तथा मूल्याङ्कन गरी प्रमाणीकरणको लागि निर्देशनालय समक्ष सिफारिस गर्न विज्ञ केन्द्रमा देहायानुसारका सदस्य रहने गरी एक अनुगमन तथा मूल्याङ्कन समिति रहने छ।

| | |
|---|---|
| प्रमुख, विज्ञ केन्द्र | -संयोजक |
| प्रमुख, पशु विकास तथा प्रविधि प्रसार शाखा, विज्ञ केन्द्र | -सदस्य |
| प्रमुख, सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा | -सदस्य |
| प्रमुख, पशु चिकित्सा तथा प्रयोगशाला शाखा | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिले मूल्याङ्कनका लागि अनुसूची-५ मा उल्लेख भएका मापदण्डलाई आधार मान्नेछ।

२२. **<u>प्रमाणीकरणः</u>** दफा २१ उपदफा (१) बमोजिमको समितिले गरेको सिफारिसका आधारमा सम्बन्धित पशु फार्मलाई असल व्यवस्थापन अभ्यास सम्बन्धी प्रमाण पत्र तथा लोगो निर्देशनलायले उपलब्ध गराउने छ। प्रमाण पत्र तथा लोगोको ढाँचा मन्त्रालयले तोके बमोजिम हुनेछ।

२३. **<u>प्रमाण पत्र र लोगो रद्द हुन सक्नेः</u>** पशु फार्मले असल व्यवस्थापन अभ्यास सम्बन्धी प्रमाण पत्र र लोगो प्राप्त गरे पश्चात अनिवार्य रुपमा मापदण्डको पालना गर्नु पर्नेछ। मापदण्ड पालना नगरेको पाइएमा निर्देशनालयले जुन सुकै बेला प्रमाण पत्र र लोगो रद्द गर्न सक्नेछ।

## परिच्छेद-५
## <u>विविध</u>

२७. **<u>प्रगति प्रतिवेदनः</u>** असल व्यवस्थापन अभ्यास अवलम्बन सम्बन्धी प्रमाण-पत्र प्राप्त गर्ने पशु फार्मले फार्मको उत्पादनको अवस्था, नवीन प्रवधिको प्रयोग, जैविक सुरक्षा अवलम्बनको अवस्था लगायतका विषयहरुको बारेमा चौमासिक रुपमा सम्बन्धित विज्ञ केन्द्रमा प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ। पशु फार्मबाट प्राप्त प्रगति प्रतिवेदनहरुलाई कम्पाइल गरी सम्बन्धित विज्ञ केन्द्रले चौमासिक रुपमा निर्देशनालयलाई पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

२८. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस मापदण्डलाई मन्त्रालयले आवश्यकता अनुसार परिमार्जन र संशोधन गर्न सक्नेछ।

२९. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस मापदण्डमा भएका दफाहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

**अनुसूचि-१**

**( दफा ४ को उपदफा (१) सँग सम्बन्धित )**

**गाई भैंसी पालनको लागि असल व्यवस्थापन अभ्यास ( GMP ) प्रमाण-पत्र र लोगो प्राप्त गर्नको लागि दिने निवेदनको ढाँचा**

श्रीमान् प्रमुखज्यू,

.......................................................................।

विषयः **गाई भैंसी पालनको लागि असल व्यवस्थापन अभ्यास ( GMP ) सम्बन्धी प्रमाण-पत्र र लोगो पाउँ।**

महोदय,

यस ... ... *(संस्थाको नाम)* ... ... ...गाई भैंसीपालनको लागि असल व्यवस्थापन अभ्यासको लागि आवश्यक शर्तहरु पूरा गरेकोले तपसिल अनुसारका कागजात संलग्न राखी असल व्यवस्थापन अभ्यासको प्रमाणपत्र तथा लोगो पाउनको लागि निवेदन पेश गरेको छु ।

<u>तपसिलः</u>

१. ... ... ... ... ... ...
२. ... ... ... ... ... ...
३. ... ... ... ... ... ...
४. ... ... ... ... ... ...
५. ... ... ... ... ... ...

<u>निवेदकः</u>

दस्तखतः

नाम थरः

पदः

फार्मको नामः

ठेगानाः

सम्पर्क नम्बरः

संस्थाको छापः

## अनुसूची-२

( दफा ४ को उपदफा (१) सँग सम्बन्धित )

### निवेदनसँगै संलग्न राख्नुपर्ने कागजातहरु

१. संस्था दर्ता तथा नवीकरण प्रमाण-पत्रको प्रतिलिपी,

२. प्यान (PAN) दर्ता प्रमाण-पत्रको प्रतिलिपी,

३. कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी,

४. कृषक समूह वा सहकारी संस्थाको हकमा निवेदन पेश गर्ने सम्बन्धी निर्णयको प्रतिलिपी,

५. जग्गा लिजमा लिएको हकमा जग्गा करार सम्झौताको प्रतिलिपी,

६. पशु फार्मको हालसालै खिचिएको फोटो,

७. अन्य सम्बन्धित कागजातहरु।

## अनुसूचि-३
(दफा ११ सँग सम्बन्धित)

**<u>पशु कल्याणका आधारभूत पक्षहरु</u>**

(क) भोक प्यासबाट मुक्तिको स्वतन्त्रता,

(ख) आरामदायी ढङ्गले जीउने स्वतन्त्रता,

(ग) दु:ख ,दर्द, घाइते र रोग लाग्नबाट बच्ने स्वतन्त्रता,

(घ) आफ्नो सामान्य व्यवहार प्रस्तुत गर्न पाउने स्वतन्त्रता,

(ङ) डर, त्रास र तनाव मुक्त रहन पाउने स्वतन्त्रता।

## अनुसूचि-४
( दफा १२ सँग सम्बन्धित )

**गाई भैंसी पालनको लागि असल अभ्यास (GMP) को पशु पोषण अवस्थाको मूल्याङ्कनको आधारहरु**

पशुहरुको शारीरिक अवस्थालाई १ देखि ५ को स्कोरमा विभाजन गरी पशु पोषण अवस्थाको मूल्याकंन गर्न सकिन्छ । जस्तै:

स्कोर १: अत्यन्तै दुब्लो, करङ्गहरु प्रष्ट देखिने

स्कोर २: दुब्लो, करङ्गहरु प्रष्ट देखिने

स्कोर ३: सामान्य अवस्था, करङ्गहरु नदेखिने

स्कोर ४: मोटो, करङ्गहरु नदेखिने

स्कोर ५: बढी मोटो, छाम्दा वोसो भएको अनुभव गर्न सकिने ।

अनुसूचि-५

( दफा २१ को उपदफा (२) सँग सम्बन्धित )

<u>दुधालु गाई भैंसी पालनको लागि असल अभ्यास (GMP) को मूल्याङ्कनको लागि चेक लिष्टको ढाँचा</u>

<u>फार्म वा संख्याको व्यक्तिगत विवरण</u>

फार्मको नामः

ठेगानाः

प्रोपराइटर वा सम्पर्क व्यक्तिको नामथरः

सम्पर्क नम्बरः

इमेल ठेगनाः

मितिः

| सि नं | विवरण सूची | हालको अवस्था | | कैफियत |
|---|---|---|---|---|
| | | भएको | नभएको | |
| १ | **कानूनी प्रावधानहरु** | | | |
| | फार्म/ संस्था दर्ता प्रमाण पत्र | | | |
| | स्थायी लेखा नम्बर | | | |
| | गत आ.व को लेखापरीक्षण प्रतिवेदन (सहकारी संस्थाको हकमा) | | | |
| | कर चुक्ता प्रमाण पत्र | | | |
| | सम्बन्धित स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र | | | |
| | वातावरण तथा सामाजिक सुरक्षा सम्बन्धी विवरण | | | |
| | कालो सूचीमा नपरेको स्वघोषणा पत्र | | | |
| २ | **गाई वा भैंसीको जात** | | | |
| | स्थानीय जात | | | |
| | उन्नत जात | | | |
| | वर्णशंकर | | | |
| ३ | **पाडापाडी वा बाच्छा बाच्छीको उचित स्याहार** | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | गोठ व्यवस्थापनका वैज्ञानिक आधारहरुको अवलम्बन | | | |
| ५ | आहारा व्यवस्थापनका वैज्ञानिक आधारहरुको अवलम्बन | | | |
| ६ | पशु स्वास्थ्य व्यवस्थापन | | | |
| | प्रमुख संक्रामक रोगहरु विरुद्ध नियमित खोप लगाउने कार्य | | | |
| | आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण विधि अवलम्बन | | | |
| | थुनेलो रोकथामको लागि उपयुक्त प्रविधि/उपाय अवलम्बन | | | |
| | जैविक सुरक्षाका विधिहरुको अवलम्बन | | | |
| ७ | आधारमूत पशु कल्याण अवलम्बन | | | |
| ८ | स्वच्छ पिउने पानीको पर्याप्त उपलब्धता | | | |
| ९ | पशु पोषण अवस्थाको मूल्याङ्कन (स्कोर १-५) | | | |
| १० | फार्म वातावरण व्यवस्थापन | | | |
| ११ | फोहरमैला व्यवस्थापन | | | |
| १२ | FMOP अवलम्बन | | | |
| १३ | पशु स्वास्थ्य प्राविधिक/जनशक्तिको परिचालन | | | |
| १४ | फार्म अभिलेख व्यवस्थापन | | | |
| १५ | सफा दूध उत्पादन विधि अवलम्बन | | | |
| १६ | आफ्नै प्राविधिक सेवा सञ्चालन | | | |